# कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रिया

| क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१. क्रियाकलाप कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम**<br>यस क्रियाकलापमा निम्नानुसारका उपक्रियाकलापहरूको बजेट समावेश गरिएको छ । कार्यक्रमका लागि स्वीकृत बजेटको बाँडफाँड गरी तपसिल अनुसारको कार्यप्रक्रिया अवलम्बन गरी कार्य सम्पादन गर्ने । सम्पादित कार्यहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी कार्य प्रगति मासिक रुपमा यस केन्द्रमा पठाउने :<br>१.१. **स्थानीय तहबाट थप सिकाई सामग्री विकास तथा छपाई र वितरण**<br>क) यस क्रियाकलापका कार्यान्वयन गर्दा स्थानीय तहले गर्दा ५० वटासम्म विद्यालय लागि रु ३ लाख, ५१ देखि १०० वटासम्म विद्यालय भएका लागि रु ४ लाख र १०१ र सोभन्दा माथि विद्यालय भएका लागि रु ५ लाख खर्च गर्ने ।<br>ख) थप सिकाई सामग्री विकास गर्दा स्थानीय तहले विषयगत शिक्षकको रोष्टर विकास गरी यस केन्द्रबाट विकास भएका तथा वैकल्पिक सिकाईका लागि स्वीकृत अध्ययन सामग्री समेतलाई आधार मानी थप सिकाई सामग्री विकास गर्ने ।<br>ग) प्रविधिमा पहुच नपुगेका पहिचान गरी सो समूहले पाउने सुनिश्चित गरी विकसित सामग्री छपाई तथा वितरण गर्ने ।<br>घ) विद्यालयले यस प्रकारका सामग्रीको प्रयोगमा प्रोत्साहन गर्ने र सिकाईमा सहजीकरण गर्ने ।<br>१.२. **शिक्षक तथा विद्यार्थीलाई CUG सेवामा आबद्ध गर्न विद्यालयलाई अनुदान**<br>क) स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययरत कक्षा ४ देखि कक्षा १२ सम्म का विद्यार्थीहरु संख्या यकिन गरी प्रति विद्यार्थी मासिक रु १२५ का दरले ३ महिनाको रकम विद्यालयलाई अनुदान उपलब्ध गराउने ।<br>ख) स्थानीय तह तथा विद्यालयले विद्यालय तहमा सञ्चार सञ्जालीकरण कार्यविधि २०७७ उल्लेखित विधि प्रकिया अवलम्वन गर्ने गरी कार्यसम्पादन गर्ने गराउने । स्वीकृत कार्यविधि केन्द्रको वेभसाईट www.cehrd.gov.np बाट डाउनलोड गर्न सकिने छ ।<br>**१.३. विद्यलयमा ईन्टरनेट सेवा विस्तारका लागि अनुदान**<br>क) स्थानीय तह अन्तरगत सञ्चालित आधारभूत तहका सबै विद्यालयका लागि प्रति विद्यालय एकमुष्ट रु १२ हजार अनुदान उपलब्ध गराउने ।<br>ख) विद्यालयले सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने विद्यालयहरूमा ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्न खर्च गर्ने ।<br>१.४.**अस्थायी सिकाई सहजीकरण केन्द्र, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सञ्चालन** | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/न.पा.<br>• विद्यालयहरू<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय ईकाई | • थप सिकाईका लागि विकास भएका सामग्री संख्या<br>• CUG सेवाका लागि अनुदान प्राप्त गर्ने विद्यालय संख्या तथा CUG मा आवद्ध विद्यार्थी संख्या<br>• सञ्चालनमा रहेका अस्थायी सिकाई सहजीकरण केन्द्र, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम संख्या<br>• ईन्टरनेट सेवा विस्तार भएका विद्यालय सङ्ख्या<br>• स्वास्थ्य सुरक्षा सामग्री प्रयोग भएका विद्यालय संख्या |

बैकुण्ठ प्रसाद अर्याल
महानिर्देशक

| क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क) स्थानीय तहले कार्यक्रम सञ्चालन गर्दा आफ्नो क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको संख्याका आधारमा ५० वटासम्म विद्यालय भएका लागि रु ३ लाख, ५१ देखि १०० वटासम्म विद्यालय भएका लागि रु ४ लाख र १०१ र सो भन्दा माथि विद्यालय भएका लागि रु ५ लाख सम्म खर्च गर्ने ।<br>ख) यस कार्यक्रम तथा वैकल्पिक सिकाईलाई व्यवस्थित गर्न तपसिल अनुसार सञ्चालन गर्ने :<br>१. प्रत्येक घर परिवारलाई आफ्ना वालवालिकाहरुलाई सिकाईमा सघन सहभागी बनाउने गरी गृह विद्यालय (Home Schooling) को अवधारणा कार्यान्वयन गर्ने । यसका लागि विद्यार्थी सहजीकरण निर्देशिका २०७७ अनुसार प्रत्येक परिवारबाट एकजना अभिभावकलाई सिकाई सहजकर्ताका रुपमा छनौट गर्ने । उक्त अभिभावकलाई विद्यार्थीले स्वअध्ययन गर्ने कार्यतालिका, सिकाई सामग्री र स्वअध्ययनका लागि उपलब्ध माध्यमको बरेमा प्रत्यक्ष भेटेर वा टेलिफोनको माध्यमबाट अभिमुखीकरण गर्ने । नियमित रुपमा विद्यार्थीको सिकाई सम्बन्धमा सहजिकरण र रिपोटिङ गर्ने ।<br>२. शिक्षक–विद्यार्थी सम्पर्क स्थानका रुपमा अस्थायी सिकाई सहजीकरण केन्द्र स्थापना गरी विद्यालय सम्म पुग्न नसक्ने विद्यार्थीका लागि सहजीकरण गर्ने ।<br>३. अस्थायी सिकाई सहजीकरण केन्द्रमा ईन्टरनेटको पहुँच विस्तारका लागि Free Wi-Fi Zone वनाई गरी नि:शुल्क वाईफाई सेवा उपलब्ध गराउने ।<br>४. विद्यार्थीको वर्तमान सिकाईको अवस्था र परिवेश समेतका आधारमा शिक्षक मार्फत् विद्यार्थीको सिकाई सहजीकरण गर्न शिक्षकले सहजीकरणको योजना तयार गरी विद्यार्थीलाई जनाकारी गराउने र सोही वमोजिम काम गर्ने । शिक्षकले विद्यार्थीसँग टेलिफोन सम्पर्क गरी परिवेश अनुसार online Learning, श्रव्य दृश्य वा श्रव्य सामग्री उपलब्धता/ प्रसारणको वारेमा विद्यार्थीलाई जानकारी दिने र विकास भएका सामग्री प्रयोग गरी सिकाई सहजीकरण गर्ने । शिक्षकले विद्यालयमा बसी थप सिकाई सामग्री तथा प्रत्येक हप्ताको लागि गृहकार्य तयार गर्ने र विद्यालयले विद्यार्थी समक्ष पुर्याउने व्यवस्था मिलाउने ।<br>५. शिक्षक घरदैलो कार्यक्रम सञ्चालन गर्दा जनस्वास्थ्यको दृष्छिकोणबाट सुरक्षित र सम्भव भएका स्थानमा शिक्षकहरुले अपाङ्गता भएका विद्यार्थीलाई प्रथामिकतामा राखी तिनीहरुको घरदैलोमा पुगी सिकाई सुनिश्चितताको लागि सहजीकरण गर्ने । ब्रेल पाठ्यपुस्तक नपाएका दृष्टिविहीन वाललिकाहरुकालाई पाठ्यपुस्तक उपलब्ध गराउने । अपाङ्गत भएका विद्यार्थीहरुलाई घर दैलो सेवा प्रदान गर्दा विशेष शिक्षा सम्वन्धी तालिम प्राप्त शिक्षक परिचालनमा प्राथामिकता दिने ।<br>६. प्रारम्भिक वालविकास शिक्षा सञ्चालन तथा सहजीकरणका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि सहयोगी सामग्री विकास, वितरण र प्रयोगको व्यवस्था मिलाउने । सिकाई तथा खेल सामग्रीको व्यवस्था गर्ने तथा वाल विकास केन्द्रका सहजकर्ताको क्षमता विकास गर्ने । | | |

वैकुण्ठ प्रसाद अर्याल
महानिर्देशक

| क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १.५. **विद्यालयमा स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान**<br>क) स्थानीय तहले विद्यालयमा स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापन गर्न सामुदायिक विद्यालयमा अध्ययनरत पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी प्रति विद्यार्थी जम्मा रु २०० का दरले हुन आउने रकम हिसाव गरी विद्यालयलाई अनुदान उपलब्ध गराउने ।<br>ख) विद्यालयले विद्यालय सञ्चालन कार्यढाँचा २०७७ तथा स्वीकृत स्वास्थ्य सम्वन्धि मापदण्डहरुमा उल्लेखित स्वास्थ्य तथा सुरक्षाका मापदण्ड विकास गर्न खर्च गर्ने । कार्य ढाँचा यस केन्द्रको वेभसाईटबाट डाउनलोड गर्न सकिनेछ ।<br>ग) यस कार्य कार्यको स्थानीय तहबाट नियमित अनुगमन गर्ने । | | |

वैकुण्ठ प्रसाद अर्याल
महानिर्देशक